विपत्‌मा बालबालिकाको बेचविखन विरुद्ध साझा अभियान

Fighting Against Child Trafficking in Emergency (FACTE)

# विपत्‌मा बालबालिकालाई बेचबिखनको जोखिमबाट जोगाऔं

## मानव बेचबिखन तथा ओसारपसार भनेको के हो त ?

कुनै पनि मानिसलाई प्रलोभनमा पारि, झुक्याई, डरत्रास देखाई शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले उसको इच्छा विपरित जवरजस्ति कुनै पनि कार्य गर्न बाध्य तुल्याईन्छ भने त्यस्तो कार्यलाई मानव बेचबिखन भनेर बुझिन्छ ।

## बालबालिका बेचबिखन भनेको के हो?

कुनै पनि व्यक्ति वा समूहले कुनै बालबालिकालाई पैसा वा कुनै फाइदाका लागि अर्को व्यक्तिलाई दिनुलाई बालबालिकाको बेचबिखन भनिन्छ ।

## बालबालिका बेचबिखनका प्रकारहरु ;

- श्रमको लागि
- यौन शोषण वा यौन व्यवसायको लागि
- बाल सैनिकको रुपमा प्रयोग गर्नका लागि
- लागू पर्दाथ अवैध ओसारपसारको लागि
- सडकमा माग्ने कामको लागि
- बधुवा मजदुर तथा दासदासी बनाउनको लागि
- कृषि तथा निर्माण क्षेत्रमा काम लगाउनका लागि
- मृगौला जस्ता शारीरिक अङ्गहरूको बेचबिखनको लागि




## कोबाट बेचबिखन हुने सम्भावना हुन्छ ?

- पेशेवर दलालहरूबाट
- छरछिमेकबाट
- आफन्तबाट
- साथीभाइबाट
- परिवारको कोही सदस्यबाट

## बेचबिखन भएपछि उजुरी कहाँ दिने ?

- प्रहरी चौकी/महिला तथा बालबालिका सेवा केन्द्र
- महिला तथा बालबालिका कार्यलय
- गैरसरकारी संघसंस्थाहरू
- केन्द्रिय तथा जिल्ला बाल कल्याण समिति
- शुल्क नलाग्ने फोनहरु
  - ❑ बाल हेल्पलाइन (१०९८)
  - ❑ आकस्मिक प्रहरी सेवा (१००/१११३)
  - ❑ बालबालिका हराएमा (१०४)
  - ❑ बालबालिका खोजतलास समन्वय केन्द्र (१०४/४२२६००६)

